# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमडौं माघ २१ गते ०८ साल

## भाग ५

## ने. भा. प्र. समितिको सूचना

०८।१०।१४

नेपाली भाषामा मौलिक उपन्यासको कमी भएको हुनाले पहिले यो अभाव-पूर्तिका निमित्त ने. भा. प. समितिमा एकजना लेखक राखी उपन्यास लेखाउने प्रबन्ध भइरहेकोमा ०८।६।२०।६ मा बसेको उपसमितिको सभामा सदस्यहरूको सर्वसम्मतिबाट तलब लिई लेखाउनुभन्दा उत्तम उपन्यास—लेखकलाई योग्य पुरस्कार दिने गरी पुस्तक तयार गराउनु मनासीव ठहरिएकोले यस विषयका उमेद-वार लेखकहरूलाई विदित होस् भन्ने उद्देश्यले यो सूचना प्रकाश गरेको छ ।

उपन्यास सामाजिक पृष्ठभूमिमा लेखिएको र छापिंदा ४०० देखि ५०० पृष्ठसम्मको हुनुपर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

९५२

उमेदवार लेखकहरूले सं. २००६ आषाढ मसांतसम्ममा पुस्तक ने. भा. प्र. समितिमा पठाउनुपर्दछ । म्याद नाघेपछि आएका पुस्तकहरू जाँचिनेछैनन् ।

पुस्तक जाँच्न नियुक्त भएको पञ्चले सर्वोत्तम ठह्याएको उपन्यासका लेखकलाई मोरु ६००। एकमुष्ट पुरस्कार दिइनेछ ।

पुस्तक कागतको एकतर्फ स्पष्ट बुझिने अक्षरमा पदहरू छुट्याई लेखिएको हुनुपर्दछ ।

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार

१५२-B

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।